annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १३२, पृष्ठ १० | काठमाडौं, बुधबार २४ भदौ २०८३ | भाद्र कृष्णपक्ष त्रयोदशी नेपाल संवत् ११४६ | WEDNESDAY, SEPTEMBER 9, 2026 | मूल्य : रु. १०



भदौ २४ को त्यो विध्वंस, पुनर्निर्माणमा छैन सुरसार

भग्नावशेष बनेका मुलुकका ऐतिहासिक भवनहरूले सम्झाइरहेका छन् २०८२ भदौ २४ गते जेन–जी आन्दोलनका नाममा भएको विध्वंस। जेन–जी आन्दोलनको नाममा ध्वंस भएका सरकारी संरचना एक वर्ष बित्दा पनि पुनर्निर्माण भएका छैनन्। त्यही आन्दोलनको जगमा बनेको वालेन्द्र शाह नेतृत्वको निर्वाचित सरकारलाई भग्नावशेष भवनको पुनर्निर्माण चुनौती थपिँदै गएको छ।

दिनेश गौतम | *काठमाडौं*

समाचार पृष्ठ १

भोटेकोशी बाढी

कहाँ पुग्यो ६ वटा सुरुङको उद्धार ?

भवनाथ प्याकुरेल | *काठमाडौं*

भोटेकोशी बाढीका कारण क्षति पुगेका ६ वटा जलविद्युत् आयोजनाका सुरुङमा फसेका श्रमिक तथा प्राविधिकहरूको खोजी तथा उद्धारमा निरन्तर ढिलाइ भइरहेको छ। सुरुङभित्र बाढीसँगै पसेको लेदो, माटो र भग्नावशेष सफा गरेर अघि बढ्न नसक्दा तथा सुरुङ पूर्णरूपमा छिचोल्न कठिन हुँदा भित्र फसेकाहरूलाई उद्धार गर्न सकस भएको छ।

रसुवामा आएको विनाशकारी बाढीका कारण १२ वटा आयोजनामा क्षति पुगेको छ। ती आयोजनासँग सम्बद्ध कुल ९ सय १७ जना प्राविधिक र कर्मचारीहरू हराइरहेका छन्।

माथिल्लो (अपर) त्रिशूली-१ जलविद्युत् आयोजनाका ५ सय ४६, रसुवागढी जलविद्युत् आयोजनाका ९३, त्रिशूली-३ 'ए' का ३९, त्रिशूली-३ 'बी' का १ सय ७८, चिलिमे जलविद्युत् आयोजनाका ६ र लाङटाङ जलविद्युत् आयोजनाका ३९ गरी कुल ९ सय १ जना अझै सम्पर्कविहीन छन्। उद्धारमा खटिएका टोलीहरू कतिपय पावर हाउस र पूरै सुरुङसम्म पुग्न सकेका छैनन्। जलविद्युत् आयोजनामा जलाशयबाट पावर हाउससम्म पानी लग्ने मुख्य सुरुङका साथै पावर हाउस प्रवेश गर्ने 'एक्सेस टनेल' समेत हुन्छन्, जहाँबाट आयोजनाको पावर हाउससम्मै लेदो पसेको देखिन्छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सोमबार आयोजित कार्यक्रममा नेपाली सेनाका सहायकरथी सुवासजंग थापाले जलविद्युत् आयोजनाका सुरुङभित्र १ सय २१ जनामात्रै फसेको जानकारी दिएका छन्। थापाका अनुसार रसुवागढीमा ५, लाङटाङमा ७, चिलिमेमा ७, अपर त्रिशूली-१ मा करिब ५० र त्रिशूली-३ 'ए' मा करिब ४२ गरी १ सय २१ जनाको हाराहारीमा मानिसहरू टनेलभित्र रहेका छन्। त्रिशूली-३ 'बी' मा हराएका सबै व्यक्ति टनेलभित्र प्रवेश गरेका व्यक्ति होइनन्। 'विभिन्न परियोजनासँग आबद्ध सबै व्यक्ति टनेलभित्रै फसेको भनेर बुझ्न हुँदैन। परियोजनामा काम गर्ने ९ सयभन्दा बढी सम्पर्कविहीन भएको भए पनि ती सबै टनेलभित्र छैनन्,' उनी भन्छन्, 'टनेलको पूर्ण ब्रेक थ्रु नभएसम्म टनेलभित्र फसेका व्यक्तिको खोजी कार्य निरन्तर जारी रहनेछ।'

भोटेकोशी बाढीले रसुवाका ६ जलविद्युत् आयोजनाका सुरुङ तथा पावर हाउस क्षेत्रमा व्यापक क्षति पुऱ्याएको छ। हाकुस्थित २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ आयोजनाको सुरुङमा बाढीको पानी र लेदो पसेको छ। १११ मेगावाटको रसुवागढी आयोजनाको हेडवर्क्स, भूमिगत पावर हाउस र सुरुङ क्षेत्रमा लेदो तथा माटो भरिएको छ।

त्रिशूली-३ 'ए' को पावर हाउस र सुरुङमार्गमा पानी तथा हिलो पसेको छ भने त्रिशूली-३ 'बी' का अडिट सुरुङमा लेदो भरिएको छ। चिलिमे आयोजनाको सुरुङ क्षेत्रमा ठूलो मात्रामा हिलो र लेदो भरिएकाले मड पम्पको सहायताले सफा गर्ने काम भइरहेको छ। लाङटाङ जलविद्युत् आयोजनाको सुरुङमा पनि बाढीले ठूलो क्षति पुऱ्याएको छ।

» बाँकी पृष्ठ ६

हानि–नोक्सानी कोषले सुन्ला त नेपालको आवाज !

सागर घले | *काठमाडौं*

गत भदौ १० गते रसुवास्थित भोटेकोशी नदीमा आएको भीषण बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लाहरूमा ठूलो जनधनको क्षति पुऱ्यायो। बाढीका कारण हजारौंभन्दा धेरैले ज्यान गुमाइसकेका छन् भने पाँच हजारभन्दा बढी नागरिकहरू अझै पनि बेपत्ता छन्। यो भीषण जलप्रलयले विश्वको ध्यान तानेको छ।

अहिलेसम्मका विभिन्न वैज्ञानिक विश्लेषणहरूलाई लिने हो भने यसको मुख्य कारक जलवायु परिवर्तन नै रहेको देखिन्छ। नेपालजस्ता साना मुलुकहरूको कार्बन उत्सर्जनमा सबैभन्दा थोरै योगदान रहे पनि यस्तै साना राष्ट्रहरू बढी मारमा पर्ने गरेका छन्। भोटेकोशी जलप्रलयपश्चात् नेपाल सरकारले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय हानि-नोक्सानी कोषसमक्ष जनधनको क्षतिपूर्तिका लागि प्रस्ताव पठाएको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका अनुसार तत्कालका लागि २० मिलियन अमेरिकी डलर क्षतिपूर्ति सहयोग माग गरिएको छ। जलवायु परिवर्तनविज्ञ मञ्जित ढकालका अनुसार, नेपालले दाबी गरेको रकम कानुनी रूपमा बाध्यकारी क्षतिपूर्ति भने होइन। 'अन्तर्राष्ट्रिय नियम र पेरिस सम्झौतामा कानुनी क्षतिपूर्तिको व्यवस्था नभएकाले आवश्यक रकम अन्तर्राष्ट्रिय समुदाय र छिमेकी मुलुकहरूसँगको सहकार्यबाटै जुटाउनुपर्छ,' उनी भन्छन्, 'नेपालले कुनै औपचारिक फन्डिङ प्रपोजल वा क्षतिपूर्ति नमागेर, यो कोषको आफ्नै औचित्य सिद्ध गर्न र यसका ६ वटा मोडालिटीमध्ये विपद्मा परेका देशलाई तत्काल राहत दिने ल्यापिड डिस्बर्समेन्ट मोडालिटीमार्फत कसरी सहायता उपलब्ध गराउन सकिन्छ भनेर सोधेको मात्र हो।'

नेपालले जानकारी गराएको एक साता बित्दा अन्तर्राष्ट्रिय तहमा धेरै चरणका औपचारिक तथा अनौपचारिक बैठकहरू भइसकेका छन्।

जलवायु परिवर्तन नीति तथा वातावरणविद् राजु पण्डित क्षेत्री जलवायु परिवर्तनमा कुनै योगदान नभए पनि नेपालजस्ता मुलुकले भोग्नु परेको क्षतिबापत सहयोग माग्नु दया वा दान नभई पेरिस सम्झौता र अन्तर्राष्ट्रिय जलवायु न्यायमा आधारित हाम्रो अधिकार हो। उनको भनाइ छ, 'अन्तर्राष्ट्रिय कानुनअनुसार धनी र विकसित राष्ट्रहरूले गर्ने यस्तो सहयोग कानुनी मुद्दाभन्दा पनि नैतिक उत्तरदायित्वमा आधारित हुने भएकाले नेपाल सरकारले दाबीसहित पठाएको सहायतापत्र पूर्ण रूपमा उपयुक्त र न्यायसंगत छ।'

कोप-२७ (इजिप्ट) मा स्थापना भई कोप-२८ (दुबई) बाट कार्यान्वयनमा आएको 'हानि तथा नोक्सानी कोष'ले जलवायुजन्य विपद्बाट प्रभावित नेपालजस्ता विकासोन्मुख राष्ट्रहरूलाई तत्काल उद्धार, राहत र दीर्घकालीन पुनर्स्थापनाका लागि आर्थिक सहयोग उपलब्ध गराउँछ।

» बाँकी पृष्ठ ६